निर्णय नं. १ :

उद्योग मन्त्रालय/औद्योगिक प्रवर्द्धन महाशाखा, सिंहदरवार, काठमाडौंको च.नं. ८८ मिति २०७४।६।४ को पत्र तथा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७४।६।२ को निर्णयबाट स्वीकृत भएको "गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका (दोश्रो संशोधन) २०७४" मा उल्लेख भए बमेजिम यस मेलम्ची नगरपालिकामा लघु उद्यम विकास कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउँन देहाय बमोजिमको लघु उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

(१) मेलम्ची नगरपालिका प्रमुख - संयोजक
(२) कार्यक्रम लागु भएका वडा अध्यक्ष मध्येबाठ समितिले तोकेको एक जना सदस्य - सदस्य
(३) कार्यकारी अधिकृत मेलम्ची नगरपालिका - सदस्य
(४) कार्यक्रम लागु भएका वडाको दलित तथा अल्पसंख्यक सदस्यहरू मध्येबाट समितिले तोकेको एक जना - सदस्य
(५) कार्यक्रम लागु भएका वडाका महिला सदस्यहरू मध्येबाट एक जना - सदस्य
(६) लघु उद्यमी समूह सङ्घ - सदस्य
(७) सम्बन्धित स्थानीय तहको उद्योग विकास शाखाको प्रमुख वा सो नभएमा हाल समायोजित भएको उद्योग विकास शाखा, प्रमुख वा निजले तोकेको प्रतिनिधी - सदस्य सचिव

निर्णय नं. २ :

यस मेलम्ची नगरपालिकामा लघु उद्यमको माध्यमबाट साना तथा मझौला उद्योगको प्रवर्द्धन गरी गरिबी निवारणका लागि ५ वर्षे उद्यम विकास रणनीतिक योजना निर्माण गर्न कार्य अनुभवको आधारमा उपर्युक्त परामर्शदाता छनौट गरी छनौट भएका परामर्शदाताबाट ५ वर्षे उद्यम विकास रणनीतिक योजना निर्माण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ३ :

"स्थानीय सरकार संचालन ऐन, २०७४" परिच्छेद ७ को दफा ४५ (१) मा भएको व्यवस्था बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ बायाँको अधिकारक्षेत्र (राइट अफ वे) को सिमा तोक्न सक्नेछ भन्ने व्यवस्था भएको हुँदा सोही बमोजिम यस मेलम्ची नगरपालिका अन्तर्गत पर्ने सडकहरूमा पूर्व निर्धारण गरिएको सडक अधिकार क्षेत्रलाई संशोधन गरी तपशिल बमोजिमको सडक अधिकार क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल

(१) मेलम्ची नगरपालिका अन्तर्गत पाँचखाल मेलम्ची हेलम्बु सहायक मार्ग र भोटेचौर काउलेदोभान बाहुनेपाटी मेलम्ची नवलपुर चौतारा सहायक मार्गको मेलम्ची नगरपालिका क्षेत्र तर्फ :

(क) ठूला व्यापारिक कम्प्लेक्श सहित निर्माण हुने भवनको हकमा राइट अफ वे ३० मीटर र सेट ब्याक ६/६ मिटर

(ख) व्यापारिक तथा आवासीय दुवै प्रयोजनको लागि निर्माण हुने भवनको हकमा राइट अफ वे ३० मीटर र सेट ब्याक ३/३ मिटर

(ख) सामान्य भवनको हकमा राइट अफ वे ३० मीटर र सेट ब्याक २/२ मिटर

साथै यस नगरपालिका अन्तर्गतका अन्य DRCN र VRCN सडकहरूको हकमा देहाय बमोजिमको सडक अधिकार क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

## मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. स. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| | वडा नं ५ (सिन्धुकोट) | | | | |
| १ | भदौरे-धुसेनीचौर -मानेभन्ज्यांङ सडक | २० | १.५/१.५ | A | |
| २ | सुलिकोट घ्यांङ- धुसिनीचौर सडक | ११ | १.५/१.५ | B | |
| 3 | चनौटे – कातिके छाप -च्यानडाँडा -थाक्ले सडक | ९ | १.५/१.५ | C | |
| ४ | अंधेरी खोला –दियाल मुसुरे ओख्रेनी सडक | ९ | १.५/१.५ | C | |
| ५ | १५ न. हे. पो. सडक | ९ | १.५/१.५ | C | |
| ६ | कोटदेवी – धौले सडक | ९ | १.५/१.५ | C | |
| ७ | कान्ले – तिलखोरिया – दियाले सडक | ९ | १.५/१.५ | C | |
| ८ | १५ नं रयाले– ढाड– भने–कैदले कृषि सडक | ९ | १.५/१.५ | C | |
| ९ | घर्तीका चौर -पाख्रीनटोल-दियाले- मुसुरे-ओखरेनीचौर सडक | ९ | १.५/१.५ | C | |
| १० | शिमलबाटो –ओडारीढुङ्गा – गल्छेडा -ठुलो चौर सडक | ७ | १.५/१.५ | D | |
| ११ | भदौरे – कलिकास्थान – मुसुरे -बोगटीटोल सडक | ७ | १.५/१.५ | D | |
| १२ | सिन्धुकोट हा. से स्कुल –गैरीगाउँ– खोरिया सडक | ७ | १.५/१.५ | D | |
| १३ | घर्तिकोचौर – ड्याङपारे –कात्तिकेछाप सडक | ७ | १.५/१.५ | D | |
| १४ | बाँझापाटा-कालिका आ.वि सडक | ७ | १.५/१.६ | D | |
| १५ | सुन्धुपुराना हाइअर.से.स्कुल-टार-आचार्यटोल अँधेरीखोला-दियाले मुसुरे सडक | ७ | १.५/१.५ | D | |
| १६ | सिन्धोकोट स्वास्थ्य चौकी हुदै हाइअर.से.स्कुल सडक | ७ | १.५/१.५ | D | |
| | वडा नं ६ (तालामारंङ) | | | | |
| १ | तालामारांङ् – मानेभज्याङ् – ओखरेनीचौर – सडक | २० | १.५/१.५ | A | |
| २ | नेपाने – पञ्चकन्या – मानेभञ्ज्याङ सडक | ९ | १.५/१.५ | C | |
| 3 | तालामारांङ् – कोलेचौर – चापाबोट- मानेभज्याङ् सडक | ९ | १.५/१.५ | C | |
| ४ | तालामारांङ् – दुङगानावेसी – बतासे बगर – बतासे सडक | ९ | १.५/१.५ | C | |
| ५ | उपल्लोगॉउ – निग्लेनी –बतासे सडक | ९ | १.५/१.५ | C | |
| ६ | पञ्चकन्या–भोटेबेसी– धुसेनी सडक | ९ | १.५/१.५ | C | |
| ७ | नुहारखोल – चालिसेटोल –लुइटेल सिम सडक | ७ | १.५/१.५ | D | |
| ८ | मानेभञ्ज्याङ – चापाबोट – कामीटोल –दुङगानागॉउ सडक | ७ | १.५/१.५ | D | |
| ९ | मानभञ्ज्याङ – दुवारटोल – भुमस्थान –लामाटोल सडक | ७ | १.५/१.५ | D | |
| १० | बतासे (मूलसडक) – ध्याङध्यापटोल सडक | ७ | १.५/१.५ | D | |
| ११ | बतासे – पाराङटोल –दुवारेटोल सडक | ७ | १.५/१.५ | D | |
| १२ | तालामारांङ् – कुना सडक | ७ | १.५/१.५ | D | |
| १३ | बतासे (मूलसडक) – गैरीगॉउ सडक | ७ | १.५/१.५ | D | |
| १४ | तालामारांङ टार –प्वारेबारी –घुम्ति सडक | ७ | १.५/१.५ | D | |
| १५ | पन्चकन्या -पसले डाँडा हुदै दुङ्गानावेसी सडक | ९ | १.५/१.५ | D | |
| १६ | बतासे मूलसडक हुदै डाँडाटोल सडक | ७ | १.५/१.५ | D | |
| | | | | | |

Scanned by CamScanner

## मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. स. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| | वडा ७ (दुवाचौर) | | | | |
| १ | मेलम्ची-सेल्ले दुवाचौर-ककनी-शेर्माथान सडक | २० | १.५/१.५ | A | |
| २ | तालामारंङ-भटार-छाप-पोखरे सडक | १५ | १.५/१.५ | A | |
| ३ | मेलम्ची-धर्ना-दुवाचौर सडक | ११ | १.५/१.५ | B | |
| ४ | मसानेपार्टी-लाभगाउँ-जतन वरुवा सडक | १५ | १.५/१.५ | A | |
| ५ | मसानेपाटी-ताप्रसा सडक | १५ | १.५/१.५ | A | |
| ६ | सेल्ले - क्यूरोनी सडक | ९ | १.५/१.६ | C | |
| ७ | धार्ना -वलुंगे सडक | ७ | १.५/१.५ | D | |
| ८ | पोखरे वजार हेल्थपोष्ट चोक कामोटार सडक | ७ | १.५/१.५ | D | |
| ९ | खानेपानी -ट्यांकी -विचारीचौर सडक | ७ | १.५/१.५ | D | |
| १० | धार्ना कालिकादेवी घलेटोल च्यानडाँडा सडक | ७ | १.५/१.५ | D | |
| ११ | गैराथोक-नेवारटोल-सेल्ले सडक | ७ | १.५/१.५ | D | |
| १२ | सेल्ले-काफलगैरी वालुवा वडा नं ८ माँझगाउँ -सडक | ७ | १.५/१.५ | D | |
| १३ | ठुलोदोवाटो-काफलगैरी सडक | ७ | १.५/१.५ | D | |
| १४ | सिमलवोट-लुप्राक सडक | ७ | १.५/१.५ | D | |
| १५ | पोखरे वालुवा- सडक | ७ | १.५/१.५ | D | |
| | वडा ८ (दुवाचौर) | | | | |
| १ | मेलम्ची-दाउचेत-कयूरेनी-वाँसखर्क-जतन-वरुवा सडक | २० | १.५/१.५ | A | |
| २ | कयूरेनी -लाभगाउँ - ककनी सडक | ११ | १.५/१.५ | B | |
| ३ | भौस कोटडाडा स्याङवोखार सडक | ७ | १.५/१.५ | D | |
| ४ | चिउरे डिल माझघर स्कुल सडक | ७ | १.५/१.५ | D | |
| ५ | गतेखोला गौराघर खैरे सडक | ७ | १.५/१.५ | D | |
| ६ | भैसे टोल सडक | ७ | १.५/१.५ | D | |
| ७ | वाहुन टोल सन्चोके टोल काभ्रे सडक | ७ | १.५/१.५ | D | |
| ८ | चियान डाडा स्यालडाडा सडक | ७ | १.५/१.५ | D | |
| ९ | चियानडाडा गैरावारी सडक | ७ | १.५/१.५ | D | |

Scanned by CamScanner

## मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. स. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | बर्ग | कैफियत |
|---|---|---|---|---|---|
| १० | डाडाचोक बुगाउँ सडक | ७ | १.५/१.५ | D | |
| ११ | वर्पटी त्रिर्कुना सडक | ७ | १.५/१.५ | D | |
| १२ | बिर्ताघर मोड रामडल टोल सडक | ७ | १.५/१.५ | D | |
| १३ | बिर्ताघर मोड बिर्ताघर टोल सडक | ७ | १.५/१.५ | D | |
| १४ | भिमसेन मन्दिर डाडाघर सडक | ७ | १.५/१.५ | D | |
| १५ | गैराबारी खनु बोट सडक | ७ | १.५/१.५ | D | |
| १६ | गैराबारी गोरखनाथ सडक | ७ | १.५/१.५ | D | |
| १७ | भैसे डाडाबारी टोल सडक | ७ | १.५/१.५ | D | |
| १८ | ज्योती टोल कोट डाडा सडक | ७ | १.५/१.५ | D | |
| १९ | कोट डाडा कामी टोल सडक | ७ | १.५/१.५ | D | |
| २० | माझगाउँ बालुवा काफलगैरी सल्ले सडक | ७ | १.५/१.५ | D | |
| | | | | | |
| वडा नं ९ (ज्यामिरे | | | | | |
| १ | मेलम्ची – तिपेनी – भोतांग सडक | २० | १.५/१.५ | A | |
| २ | मेलम्ची – ज्यामिरे – गोल्माथान – चाँखु – मुलखर्क-ओखरेनी सडक | १५ | १.५/१.५ | A | |
| ३ | राम्चेडाँडा – सुनखानी – गुफा– मुलखर्क सडक | ११ | १.५/१.५ | B | |
| ४ | गोल्माथान – अधेरीखोला – धुलेपात्ले – नांगीडाँडा सडक | ९ | १.५/१.५ | C | |
| ५ | नबलपुर – ज्यामिरे – गोल्मथान – सुनखानी –लागचे सडक | ९ | १.५/१.५ | C | |
| ६ | लहरेमाने –चाँखु – गुफा मुलखर्क सडक | ९ | १.५/१.५ | C | |
| ७ | खड्काथोक –चाखु –लहरेमाने सडक | ९ | १.५/१.५ | C | |
| ८ | अँधेरीखोला– धुलेपात्ले -सातकन्या मन्दिर सडक | ९ | १.५/१.५ | C | |
| ९ | थापाटोल –सातकन्या मन्दिर सडक | ७ | १.५/१.५ | D | |
| १० | थापाटोल – खड्कागाँउ सडक | ७ | १.५/१.५ | D | |
| ११ | सिरानटोल – दोबाटो – लागर्चे सडक | ७ | १.५/१.५ | D | |
| १२ | सुनखानी – सातकन्या – लागर्चे सडक | ७ | १.५/१.५ | D | |
| १३ | मिलनचौक – शिखरपुर सडक | ७ | १.५/१.५ | D | |
| १४ | चाँखु – भण्डारीटोल सडक | ७ | १.५/१.५ | D | |
| १५ | भण्डारीटोल – मगरगाँउ सडक | ७ | १.५/१.५ | D | |
| १६ | डवल्याङ – सातकन्या सडक | ७ | १.५/१.५ | D | |
| १७ | गोल्मथान – गैरीटोल सडक | ७ | १.५/१.५ | D | |
| १८ | गोल्मथान – पधेरा काफलेखोला सडक | ७ | १.५/१.५ | D | |
| १९ | अँधेरीखोला –थापागाउँ सडक | ७ | १.५/१.५ | D | |
| २० | चाम्खु – मगरटोल – पात्ले सडक | ७ | १.५/१.५ | D | |
| | | | | | |

Scanned by CamScanner

# मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. सं. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| | **वडा नं १० (शिखरपुर)** | | | | |
| १ | इन्द्रावती –दोलालघाट कोरिडोर सडक | २० | १.५/१.५ | A | |
| २ | फलामे – शिखरपुर –नवलपुर सडक | १० | १.५/१.५ | B | |
| ३ | आहालको डिल –गौरी –भुकुनडे टोल – फलामे–लोकतन्त्र –भुमेस्थान –काफ्लेखोला सडक | १० | १.५/१.५ | B | |
| ४ | वरकोवोट – वेसीगाँउ –फलामे सडक | ९ | १.५/१.५ | C | |
| ५ | संजेलटार – बडहरे सडक | ९ | १.५/१.५ | C | |
| ६ | वनगाँउ – सञ्जेलटार सडक | ९ | १.५/१.५ | C | |
| ७ | माझी गाँउ – बेसी सडक | ७ | १.५/१.५ | D | |
| ८ | मानासिम – माझीगाँउ सडक | ७ | १.५/१.५ | D | |
| ९ | कामीगाँउ – नेपालटोल सडक | ७ | १.५/१.५ | D | |
| १० | सितला देवी, साधखोला – बिमिरे – नवलपुर सडक | ७ | १.५/१.५ | D | |
| ११ | वनगाँउ – राउत टोल सडक | ७ | १.५/१.५ | D | |
| १२ | कोटाचौर – सडक | ७ | १.५/१.५ | D | |
| १३ | राक्से – बोडगाँउ सडक | ७ | १.५/१.५ | D | |
| १४ | सिम्ले सडक | ७ | १.५/१.५ | D | |
| १५ | सिम्ले मो.वा – रामपुर स्कुल सडक | ७ | १.५/१.५ | D | |
| | | | | | |
| | **वडा नं ११ (मेलम्ची)** | | | | |
| १ | मेलम्ची (प्रहरी चौकी )– डडुवा – थाक्ले सडक | ११ | १.५/१.५ | B | |
| २ | मेलम्ची – कटुन्जे – धुसेनीचौर – धौले सडक | १५ | १.५/१.५ | A | |
| ३ | सेल्ले मेलम्ची –दौचेत –तल्लो खानीगाँउ – सेल्ले सडक | ९ | १.५/१.५ | C | |
| ४ | खानीगाँउ –तल्लो खानीगाँउ –सेल्ले मेलम्ची पुल सडक | ९ | १.५/१.५ | C | |
| ५ | सेल्ले मेलम्ची बाटो – धार्ना सम्म सडक | ९ | १.५/१.५ | C | |
| ६ | मुलसडक – मेलम्ची – बिसमुरे –कटुन्जे सडक | ९ | १.५/१.५ | C | |
| ७ | दुलालटोल –कटुन्जे सडक | ९ | १.५/१.५ | C | |
| ८ | कटुन्जे – डडुवा – थाकले सडक | ९ | १.५/१.५ | C | |
| ९ | डडुवा मो. बाटो – चापावोट – ढकालखहरे सडक | ९ | १.५/१.५ | C | |
| १० | वनकार्यालय –स्वास्थ्य केन्द्र –फट्टे सडक | ९ | १.५/१.५ | C | |
| ११ | माने भञ्ज्याङ – डडुवा छापखोल्चा –मेलम्ची सडक | ९ | १.५/१.५ | C | |
| १२ | बिसमुरे – धुमेनी सडक | ७ | १.५/१.५ | D | |
| १३ | सिन्धुकोट – तल्लो वस्ती सडक | ७ | १.५/१.५ | D | |
| १४ | पन्चकन्या चापावोट सडक | ७ | १.५/१.५ | D | |
| १५ | डुडेवेसी –चापावोड सडक | ७ | १.५/१.५ | D | |
| १६ | सेल्ले –बगैंचा – दोभान सडक | ७ | १.५/१.५ | D | |
| १७ | मेलम्ची बजार पुरानो सडक | ७ | १.५/१.५ | D | |
| १८ | डुडे चापाबोटे – ढकालथोक सडक | ७ | १.५/१.५ | D | |
| १९ | गैरी डाँडा –आरुखर्क हुदै डडुवा सडक | ७ | १.५/१.५ | D | |
| २० | पन्चकन्या स्कुल– जागेश्वरी महादेव हुदै बिसमुरे सडक | ७ | १.५/१.५ | D | |

Scanned by CamScanner

# मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. स. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| २१ | कटुन्जे –धुसेनीबेसी सडक | ७ | १.५/१.५ | D | |
| २२ | कटुन्जे – देवीस्थान तामांङ टोल सडक | ७ | १.५/१.५ | D | |
| २३ | मेलम्ची टार प्लानिङ सडक | ७ | १.५/१.५ | D | |
| २४ | मेलम्ची तल्लो बजार – राजकुलो करिडोर हुदै कढेरि पुल सडक | ७ | १.५/१.५ | D | |
| २५ | कृष्ण मन्दिर हुदै डडुवा सडक | ७ | १.५/१.५ | D | |
| २६ | धुसेनीचौर– सिम्पानी –धुसेनिबेशी सडक | ७ | १.५/१.५ | D | |
| २७ | धुसेनी तल्लो घ्यांङ –डडुवा सडक | ७ | १.५/१.५ | D | |
| २८ | बिस्मुरे –तुवारखोला सडक | ७ | १.५/१.५ | D | |
| | | | | | |
| | **वडा नं १२ (बाँसबारी)** | | | | |
| १ | वाहुनेपाटी – मानेभन्ज्यांङ –सुलिकोट- धुसिनीचौर सडक | ११ | १.५/१.५ | B | |
| २ | सिन्धुखोला –गिरानचौर – महावीर भोटेचौर सडक | १५ | १.५/१.५ | A | |
| ३ | थाक्ले – मानेभञ्ज्याङ – डडुवा कटुन्जे सडक | ९ | १.५/१.५ | C | |
| ४ | ढकाल खहरे – डडुवा सडक | ७ | १.५/१.५ | D | |
| ५ | ढकाल थोक – कृष्ण मन्दिर – पिपलचौर सडक | ७ | १.५/१.५ | D | |
| ६ | डुडेखोला – भगिटार – कृष्ण मन्दिर – थाक्ले सडक | ७ | १.५/१.५ | D | |
| ७ | कृष्ण मन्दिर – संसारी थान सडक | ७ | १.५/१.५ | D | |
| ८ | ढकाल थोक (मेनबाटो) – नयाँ ट्रयाक जानेबाटो सडक | ७ | १.५/१.५ | D | |
| ९ | माने – गुम्बा सडक | ७ | १.५/१.५ | D | |
| १० | माने –सिम्पानीटोल सडक | ७ | १.५/१.५ | D | |
| ११ | माने – माझिखेत कृषिसडक | ७ | १.५/१.५ | D | |
| १२ | मुलसडक – ठुलोचौर –कुण्डेश्वर सडक | ७ | १.५/१.५ | D | |
| १३ | ठाँटी – कुण्डेश्वर सडक | ७ | १.५/१.५ | D | |
| १४ | माने – टिम्मुरे – मङगलथान कृषि सडक | ७ | १.५/१.५ | D | |
| १५ | पदाली – च्यानडाँडा– माने सडक | ७ | १.५/१.५ | D | |
| १६ | सनिस्वौर – खानी पाखो – कुण्डेश्वर सडक | ७ | १.५/१.५ | D | |
| १७ | मुलसडक – ठुलोचौर – खानी पाखो सडक | ७ | १.५/१.५ | D | |
| १८ | मुलसडक – डिब्लाङटोल सडक | ७ | १.५/१.५ | D | |
| १९ | मुलसडक – चारघरे सडक | ७ | १.५/१.५ | D | |
| २० | मुलसडक – ढकाल थोक सडक | ७ | १.५/१.५ | D | |
| २१ | भञ्ज्याङ – टुनी सडक | ७ | १.५/१.५ | D | |
| २२ | कार्की पन्धेरा – छुरुवा सडक | ७ | १.५/१.५ | D | |
| २३ | अम्बाघरि भगिटार सडक | ७ | १.५/१.५ | D | |
| २३ | अमलेडाँडा –च्यानडाँडा– मानेभन्ज्यांङ सडक | ७ | १.५/१.५ | D | |

Scanned by CamScanner

# मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. स. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | बर्ग | कैफियत |
|---|---|---|---|---|---|
| | **वडा १३ (फटकशिला)** | | | | |
| १ | फट्केश्वर – भन्ज्याङ सडक | २० | १.५/१.५ | A | |
| २ | सिपाघाट– कलेजे – भन्ज्याङ सडक | २० | १.५/१.५ | A | Ring Road |
| ३ | फट्केश्वर– पधेराचौर –ठाँटी –भन्ज्याङ सडक | ११ | १.५/१.५ | B | |
| ४ | सिपाघाट– पधेराचौर सडक | ९ | १.५/१.५ | C | |
| ५ | गोल्मेश्वोरी-बरेटार-फट्केश्वोर सडक | ७ | १.५/१.५ | D | |
| ६ | भञ्ज्याङ – पब्लिक – फट्केश्वर सडक | ७ | १.५/१.५ | D | |
| ७ | दंगालथोक – नेपाने – कलेजे सडक | ७ | १.५/१.५ | D | |
| ८ | भञ्ज्याङ – चण्डेनी – ठाँटी – चालिसेपाटा – फट्केश्वर सडक | ७ | १.५/१.५ | D | |
| ९ | पंधेराचौर – पिपलडाँडा –एक्लेबेशी सडक | ७ | १.५/१.५ | D | |
| १० | पंधेराचौर – पिपलडाँडा – लामाक्रशर सडक | ७ | १.५/१.५ | D | |
| ११ | बेलाबोट – पब्लिक सडक | ७ | १.५/१.५ | D | |
| १२ | दनुवारटोल – तारुके सडक | ७ | १.५/१.५ | D | |
| १३ | गैरीगाउँ – खरीटोल सडक | ७ | १.५/१.५ | D | |
| | **अन्य मापदण्डहरु** | | | | |
| १ | चक्रपथ सडकको हकमा | २० | मिमाना निर्धारण भए पछि लागु हुने। | | |
| २ | अन्य सडक तथा ट्रयाक खुलेको सडकको हकमा | ७ | १.५/१.५ | | |
| ३ | तेर्सो गोरेटो बाटोको हकमा | ४ | १.५/१.५ | | |
| ४ | ठाडो गोरेटो बाटोको हकमा | १/१ | १/१ | | |
| ५ | राज कुलोको हकमा | ५/५ | १.५/१.५ | कुलोको किनाराबाट | |
| ६ | अन्य कुलोको हकमा | ३/३ | १.५/१.५ | | |
| ७ | ताल, पोखरी {किनारा (डिल) तथा नापी नक्सा बाट} | २०/२० | १.५/१.५ | | |
| ८ | धार्मिक स्थल (नापी नक्सा बाट) | १०/१० | १.५/१.५ | | |
| ९ | सार्वजनिक जग्गा (नापी नक्सा बाट) | -- | २ | | |
| १० | संरक्षित क्षेत्रको हकमा (नापी नक्सा बाट) | १०/१० | १.५/१.५ | | |
| ११ | खेलकुद मैदान, सार्वजनिक पार्क (नापी नक्सा बाट) | ५/५ | १.५/१.५ | | |
| १२ | विद्युत तार बाट छोड्नु पर्ने दुरी | विद्युत प्राधिकरणको नियम अनुसार | | | |

Scanned by CamScanner

# मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. स. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| 1 | ढोंडखोला – मेलम्ची – हेलम्बु सडक | ३० | | FR | SCN |
| 2 | भोटेचौर- काउलेदोभान -बाहुनेपाटी सडक | ३० | | FR | |
| 3 | मेलम्ची – नवलपुर –चौतारा सडक | ३० | | FR | |
| नोट: सेट ब्याक : आवाशीय भवनको लागि २/२ मि, सटर सहितको आवाशीय भवनको लागि ३/३ मि, ब्यापारिक प्रयोजनका भवनको लागि, ६/६ मि र अन्य भवनको लागि भवन निर्माण मापदण्ड अनुसार लागु हुनेछ । | | | | | |
| | **वडा १ (भोटेचौर)** | | | | |
| १ | माहविर -पाटिगाउँ- डाँडागाउँ -गिरान्चौर सिन्धुखोला सडक | १५ | १.५/१.५ | A | |
| २ | माहविर (कृषि बाटो) -पाटी गाउँ- महादेवस्थान सिन्धुकोट सडक | १५ | १.५/१.५ | A | |
| ३ | भोटेचौर -रोकाथोक -झाँक्रीगाउँ- ठुलोपाटो -डाडागाउँ -चाँपकोबोट सडक | १५ | १.५/१.५ | A | |
| ४ | एक्लेबेसी-डाँडागाउँ-पटाप-भोटेचौर सडक | ९ | १.५/१.५ | C | |
| ५ | चिसापानी-डाँडाखेत १५ नं मोटरबाटो | ९ | १.५/१.५ | C | |
| ६ | भो टेचौर-मानेडाँडा-फुस्रोमाटो सडक | ९ | १.५/१.६ | C | |
| ७ | पार्टीगाउँ- माझगाउँ भांगे-पौडेलथोक सडक | ७ | १.५/१.५ | D | |
| ८ | भोटेचौर-पन्चेचौर सडक | ७ | १.५/१.५ | D | |
| ९ | डाँडागाउँ-स्वामिलको बोट सडक | ७ | १.५/१.५ | D | |
| १० | भोटेचौर-पातालगुफा - चिसापानी तपचुली सडक | ७ | १.५/१.५ | D | |
| ११ | नर्सरी-रोकाटोल-पटाप सडक | ७ | १.५/१.५ | D | |
| १२ | रोकाटोल झाँक्री-ठुलोवाटा-डाँडा गाउँ सडक | ७ | १.५/१.५ | D | |
| | | | | | |
| | **वडा २ (भोटेचौर)** | | | | |
| १ | शिवपुरी-वाटरसेड एरिया-इन्सपेक्सनसडक सडक | १५ | १.५/१.५ | A | |
| २ | जैसिगाउँ चियाबगान सडक | ९ | १.५/१.५ | C | |
| ३ | जैसीगाउँ- सिम्लेबेसी-महादेवस्थान १५ नंम्बर डम्पीङ सडक | ९ | १.५/१.५ | C | |
| ४ | निबुगाउँ स्याङदेन टोल सुयालछाप महादेवस्थान १५ नंम्बर डम्पीङ सडक | ९ | १.५/१.५ | C | |
| ५ | निबुगाउँ सुयलछाप (कृषिबाटो) सडक | ७ | १.५/१.५ | D | |
| ६ | निबुगाउँ तपचुली सडक | ७ | १.५/१.५ | D | |
| ७ | जैसिगाउँ लामसोती खड्काबेसी महादेवस्थान १५ नंम्बर डम्पीङ सडक | ९ | १.५/१.५ | C | |

Scanned by CamScanner

## मेलम्ची नगरपालिका सडक मापदण्ड

| क्र. स. | सडकहरुको नाम | सडक अधिकार क्षेत्र (ROW) मि | सेट ब्याक कम्तिमा (मि) | वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| | **वडा ३ (हैबुंङ)** | | | | |
| १ | भोटेचौर- जेरोकिलो- गुरुङगाउँ हैबुङ पाटीभञ्ज्याङ सडक | २० | १.५/१.५ | A | |
| २ | गौरीबारी -मुखियाटोल-जोतिष गाउँ-तल्लो घुम्ती सम्मको सडक | ७ | १.५/१.५ | D | |
| ३ | हातिढुङ्गा कामीटोल सडक | ७ | १.५/१.५ | D | |
| ४ | कोखाटोल सिमचौर आखेरनी भञ्ज्याङ सडक | ७ | १.५/१.५ | D | |
| ५ | सेलमोनथान डाडा गुरुङथोक खड्काछाप सडक | ७ | १.५/१.५ | D | |
| ६ | गुरुङथोक चियानडाँडा सडक | ७ | १.५/१.५ | D | |
| ७ | मर्किनिडाडा गौरी टोल तिली टोल हैबुङडाडाँ सडक | ७ | १.५/१.५ | D | |
| ८ | रातदल टोल द्वारीटोल काउलेदोभान सडक | ७ | १.५/१.५ | D | |
| ९ | माझटोल पसलटोल सडक | ७ | १.५/१.५ | D | |
| १० | डाडाथोक राउत गाउँ काउलेदोभान सडक | ७ | १.५/१.५ | D | |
| ११ | हैबुङ डाडा बिन्दुक टोल बालुवा भञ्ज्याङ सडक | ७ | १.५/१.५ | D | |
| १२ | डाडाथोक सेपिलोटोल सामुदायीक जंगल सडक | ७ | १.५/१.५ | D | |
| १३ | डाडाथोक चिउचेनडाडा सिन्धु सुरुङ सडक | ७ | १.५/१.५ | D | |
| १४ | दहपोखरी उर्लेनी पाखा चिसोपानी सडक | ७ | १.५/१.५ | D | |
| १५ | उर्लेनी पाखा सडक | ७ | १.५/१.५ | D | |
| १६ | दहपोखरी स्याङदेनटोल चिसापानी सडक | ७ | १.५/१.५ | D | |
| १७ | तल्लोदह पोखरी सिन्धुसुरुङ सडक | ७ | १.५/१.५ | D | |
| १८ | दहपोखरी मझुवाटोल सडक | ७ | १.५/१.५ | D | |
| | **वडा ४ (थकानी)** | | | | |
| १ | काउलेदोभान-पार्टीभन्ज्यांङ- सडक | २० | १.५/१.५ | A | |
| २ | पार्टीभन्ज्यांङ- थानकुने-ओखे्रनीचौर - सडक | २० | १.५/१.५ | A | |
| ३ | ओखे्रनीचौर -धौलेश्वरी मन्दिर- धौले-धुसेनीचौर सडक | १५ | १.५/१.५ | A | |
| ४ | ओखे्रनीचौर -पिप्ले सडक | ११ | १.५/१.५ | B | |
| ५ | सिन्धु अडित- डाँडाकटेरी-पाल्चेन-ओखरेनिचौर सडक | ११ | १.५/१.५ | B | |
| ६ | थानकुने थलखर्क चिप्लीङ लप्चोडाडा गोल्फुभञ्ज्याङ सडक | ११ | १.५/१.५ | B | |
| ७ | मध्य पहाडी लोकमार्ग चिलाउने देविस्थान रामच्याङ चिउनी ताल्चेन काभ्रेपुछार सडक | ७ | १.५/१.५ | D | |
| ८ | थानकुने भिर्खक निगाले पात्लेचित्र भञ्ज्याङ सडक | ७ | १.५/१.५ | D | |
| ९ | ओखे्रनीचौर सुनखानी लखम बगर सडक | ७ | १.५/१.५ | D | |
| १० | चिसापानी खोला बाँसखर्क धैलेश्वरी मन्दिर सडक | ७ | १.५/१.५ | D | |
| ११ | थानकुने भञ्ज्याङ उर्लेनी सडक | ७ | १.५/१.५ | D | |
| १२ | खर्कटोल ठुलोभञ्ज्याङ सडक | ७ | १.५/१.५ | D | |
| १३ | पाटीभञ्ज्याङफेदी सडक | ७ | १.५/१.५ | D | |

Scanned by CamScanner

निर्णय नं. ४ :

मेलम्ची नगरपालिका क्षेत्र अन्तर्गत पर्ने नदी खोला, खोल्सीको मापदण्ड निर्धारण गरी लागु गर्नका लागि पूर्वाधार विकास समितिबाट देहाय अनुसार मापदण्ड निर्धारण हुने गरी मिति २०७४।६।२६ को निर्णयानुसार सिफारिश भई आएको हुँदा सिफारिश भए बमोजिम हुने गरी नदी, खोला खोल्सीको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिकाको खोला खोल्सी को सेट Back

| | | | UNDP report अनुसार | | फिल्ड verification अनुसार | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सि . नं . | सुरुवात स्थान | अन्तिम स्थान | Minimum | Maximum | | स्थान | खोलाको किनारा | |
| १ | सिपाघाट ढाड खोला पुल | लामा क्रसर | १३ | १८१ | १०० | Right Bank | इन्द्रावती +मेलम्ची खोला | |
| २ | लामा क्रसर | ठुलो खोला भन्ने खोल्सी सम्म | २१ | ८२ | ४० | Right Bank | '' | |
| ३ | ठुलो खोला भन्ने खोल्सी | फट्केश्वर मन्दिर सम्म | ११ | २०२ | ५० | Right Bank | '' | |
| ४ | फट्केश्वर मन्दिर | सिन्धुखोला | १४ | ४० | ३० | Right Bank | '' | |
| ५ | सिन्धुखोला | मन खोल्सी बाहुनेपाटी | २५ | १०४ | ५० | Right Bank | '' | |
| ६ | मन खोल्सी बाहुनेपाटी | बाहुनेपाटी स्कुल को मोड सम्म | १२ | ३५ | ३० | Right Bank | | |
| ७ | मन खोल्सी बाहुनेपाटी | ढकाल खहरे खोला सम्म | ८ | ७० | ४० | Right Bank | '' | |
| ८ | ढकाल खहरे खोला | बांगे सिमल बोट सम्म | ७ | ४० | ३५ | Right Bank | '' | |
| ९ | बांगे सिमल बोट | सिट्ठे बगर नागडोल खोल्सी | ३४ | ११४ | ८० | Right Bank | '' | |
| १० | सिट्ठे बगर नागडोल खोल्सी | मेलम्ची ज्यामिरे RCC पुल सम्म | १३ | २९ | ३० | Right Bank | '' | |
| ११ | मेलम्ची ज्यामिरे RCC पुल | दोभानटार जोड्ने लामो झोलुंगे पुल | ४१ | १२५ | ५० | Right Bank | '' | |
| १२ | दोभानटार जोड्नेलामो झोलुंगे पुल | हेक्थपोस्ट जाने बाटो सम्म | ९ | १६ | ३० | Right Bank | मेलम्ची खोला | |
| १३ | हेक्थपोस्ट जाने बाटो | फट्टेपुल RCC पुल सम्म | २० | ९९ | ५० | Right Bank | '' | |
| १४ | फट्टेपुल RCC पुल | तालामाराङ. खोलासम्म | ९ | ५१ | ३० | Right Bank | '' | |
| १५ | भटार खोल्सी देखि | स्वारा खोल्सी सम्म | ९ | ४२ | ४० | Left Bank | मेलम्ची खोला | |
| १६ | स्वारा खोल्सी | फट्टेपुल RCC पुल सम्म | ७ | ७५ | ५० | Left Bank | मेलम्ची खोला | |
| १७ | फट्टेपुल RCC पुल | दोभानटार जोड्ने लामो झोलुंगे पुल | १३ | ९५ | ८० | Left Bank | मेलम्ची खोला | |
| १८ | दोभानटार जोड्ने लामो झोलुंगे पुल | दोभानटार जोड्नेछोटो झोलुंगे पुल | २० | ४१ | ३० | Left Bank | दोभान एरिया | |
| १९ | दोभानटार जोड्ने झोलुंगे पुल | मेलम्ची ज्यामिरे RCC पुल सम्म | २८ | ५० | ४५ | Left Bank | इन्द्रावती +मेलम्ची खोला | |
| २० | मेलम्ची ज्यामिरे RCC पुल | सहरे खोला सम्म | ३८ | २३२ | ३० | Left Bank | '' | |
| २१ | सहरे खोला | खहरे खोला | १४२ | २६३ | ५० | Left Bank | '' | |
| २२ | खहरे खोला | बाघमारा खोला | ९ | १०५ | ८० | Left Bank | '' | |
| २३ | खाल्डेखोला | गड्यौले खोला सम्म | ६ | ३७ | ३५ | Left Bank | इन्द्रावती खोला | |
| २४ | गड्यौले खोला | काफ्लेखोला सम्म | १२ | ५१ | ४० | Left Bank | इन्द्रावती खोला | |
| २५ | काफ्लेखोला | चालिसे खोला | ७ | ७२ | ३० | Left Bank | इन्द्रावती खोला | |
| २६ | चालिसे खोला | दोभानटार जोड्नेछोटो झोलुंगे पुल | ८ | ४९ | ४० | Left Bank | इन्द्रावती खोला | |
| २७ | पाङ.सिंग | घट्टे खोला | ७ | ७९ | ४० | Right Bank | इन्द्रावती खोला | |
| २८ | घट्टे खोला | सुन्घुरे खोला | ७ | ३७ | ३० | Right Bank | इन्द्रावती खोला | |
| २९ | सुन्घुरे खोला | दोभानजोड्ने छोटो झोलुंगे पुल | ७ | ७६ | ५० | Right Bank | इन्द्रावती खोला | |
| ३० | तालामाराङ. खोला | दाँया /बाँया | ८ | ६५ | २० /२० | मिटर/मिटर | | |
| ३१ | सिन्धु खोला | दाँया /बाँया | | | २० /२० | मिटर/मिटर | काउलेदोभान RCC पुल देखि इन्द्रावती दोभान सम्म | |
| ३२ | जर्के खोला | दाँया /बाँया | | | २० /२० | मिटर/मिटर | | |
| ३३ | जागेश्वोरी खोला | दाँया /बाँया | | | १०\१० | मिटर/मिटर | मध्यम खोल्सी | |
| ३४ | खाल्डेखोला | दाँया /बाँया | | | १०\१० | मिटर/मिटर | मध्यम खोल्सी | |
| ३५ | सुक्खा खोल्सी | | | ५ | ५ | मिटर/मिटर | | |
| ३६ | राजकुलो तथा अन्य नापीको कुलो | | | ४ | ४ | | कुलाको नापीको सिमानाबाट | |

नोट : मेलम्ची हेलम्बु सडक र मेलम्ची भोताङ सडकको हकमा बाटोको माथिल्लो साईड तर्फको जग्गाको हकमा सडकको मापदण्ड मात्र लागु हुने छ।

ख. [illegible]को मापदण्डको हकमा नापी नक्सा तथा खोलाको सिमाना बाट माथि उल्लेखित set back छाड्नु पर्ने छ।

Scanned by CamScanner

## मेलम्ची नगरपालिकाकको खोला खोल्सी को सेट Back

| सि . नं . | सुरुवात स्थान | अन्तिम स्थान | UNDP report अनुसार | | फिल्ड verification अनुसार | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | Minimum | Maximum | | स्थान | खोलाको किनारा | |
| १ | सिपाघाट ढाड खोला पुल | लामा क्रसर | १३ | १८१ | १०० | Right Bank | इन्द्रावती +मेलम्ची खोला | |
| २ | लामा क्रसर | ठुलो खोला भन्ने खोल्सी सम्म | २१ | ८२ | ४० | Right Bank | ' " | |
| ३ | ठुलो खोला भन्ने खोल्सी | फट्केश्वर मन्दिर सम्म | ११ | २०२ | ५० | Right Bank | ' " | |
| ४ | फट्केश्वर मन्दिर | सिन्धुखोला | १४ | ४० | ३० | Right Bank | ' " | |
| ५ | सिन्धुखोला | मन खोल्सी बाहुनेपाटी | २५ | १०४ | ५० | Right Bank | ' " | |
| ६ | मन खोल्सी बाहुनेपाटी | बाहुनेपाटी स्कुल को मोड सम्म | १२ | ३५ | ३० | Right Bank | | |
| ७ | मन खोल्सी बाहुनेपाटी | ढकाल खहरे खोला सम्म | ८ | ७० | ४० | Right Bank | ' " | |
| ८ | ढकाल खहरे खोला | बांगे सिमल बोट सम्म | ७ | ४० | ३५ | Right Bank | ' " | |
| ९ | बांगे सिमल बोट | सिट्ठे बगर नागडोल खोल्सी | ३४ | ११४ | ८० | Right Bank | ' " | |
| १० | सिट्ठे बगर नागडोल खोल्सी | मेलम्ची ज्यामिरे RCC पुल सम्म | १३ | २९ | ३० | Right Bank | ' " | |
| ११ | मेलम्ची ज्यामिरे RCC पुल | दोभानटार जोड्ने लामो झोलुंगे पुल | ४१ | १२५ | ५० | Right Bank | ' " | |
| १२ | दोभानटार जोड्नेलामो झोलुंगे पुल | हेक्थपोस्ट जाने बाटो सम्म | ९ | १६ | ३० | Right Bank | मेलम्ची खोला | |
| १३ | हेक्थपोस्ट जाने बाटो | फट्टेपुल RCC पुल सम्म | २० | ९९ | ५० | Right Bank | ' " | |
| १४ | फट्टेपुल RCC पुल | तालामाराड. खोलासम्म | ९ | ५१ | ३० | Right Bank | ' " | |
| १५ | भटार खोल्सी देखि | स्वारा खोल्सी सम्म | ९ | ४२ | ४० | Left Bank | मेलम्ची खोला | |
| १६ | स्वारा खोल्सी | फट्टेपुल RCC पुल सम्म | ७ | ७५ | ५० | Left Bank | मेलम्ची खोला | |
| १७ | फट्टेपुल RCC पुल | दोभानटार जोड्ने लामो झोलुंगे पुल | १३ | ९५ | ८० | Left Bank | मेलम्ची खोला | |
| १८ | दोभानटार जोड्ने लामो झोलुंगे पुल | दोभानटार जोड्नेछोटो झोलुंगे पुल | २० | ४१ | ३० | Left Bank | दोभान एरिया | |
| १९ | दोभानटार जोड्ने झोलुंगे पुल | मेलम्ची ज्यामिरे RCC पुल सम्म | २८ | ५० | ४५ | Left Bank | इन्द्रावती +मेलम्ची खोला | |
| २० | मेलम्ची ज्यामिरे RCC पुल | सहरे खोला सम्म | ३८ | २३२ | ३० | Left Bank | ' " | |
| २१ | सहरे खोला | खहरे खोला | १४२ | २६३ | ५० | Left Bank | ' " | |
| २२ | खहरे खोला | बाघमारा खोला | ९ | १०५ | ८० | Left Bank | ' " | |
| २३ | खाल्डेखोला | गड्यौले खोला सम्म | ६ | ३७ | ३५ | Left Bank | इन्द्रावती खोला | |
| २४ | गड्यौले खोला | काफ्लेखोला सम्म | १२ | ५१ | ४० | Left Bank | इन्द्रावती खोला | |
| २५ | काफ्लेखोला | चालिसे खोला | ७ | ७२ | ३० | Left Bank | इन्द्रावती खोला | |
| २६ | चालिसे खोला | दोभानटार जोड्नेछोटो झोलुंगे पुल | ८ | ४९ | ४० | Left Bank | इन्द्रावती खोला | |
| २७ | पाड.सिंग | घट्टे खोला | ७ | ७९ | ४० | Right Bank | इन्द्रावती खोला | |
| २८ | घट्टे खोला | सुन्घुरे खोला | ७ | ३७ | ३० | Right Bank | इन्द्रावती खोला | |
| २९ | सुन्घुरे खोला | दोभानजोड्ने छोटो झोलुंगे पुल | ७ | ७६ | ५० | Right Bank | इन्द्रावती खोला | |
| ३० | तालामाराड. खोला | दाँया /बाँया | ८ | ६५ | २० /२० | मिटर/मिटर | | |
| ३१ | सिन्धु खोला | दाँया /बाँया | | | २० /२० | मिटर/मिटर | काउलेदोभान RCC पुल देखि इन्द्रावती दोभान सम्म | |
| ३२ | जर्के खोला | दाँया /बाँया | | | २० /२० | मिटर/मिटर | | |
| ३३ | जागेश्वोरी खोला | दाँया /बाँया | | | १०\१० | मिटर/मिटर | मध्यम खोल्सी | |
| ३४ | खाल्डेखोला | दाँया /बाँया | | | १०\१० | मिटर/मिटर | मध्यम खोल्सी | |
| ३५ | सुक्खा खोल्सी | | | ५ | ५ | मिटर/मिटर | | |
| ३६ | राजकुलो तथा अन्य नापीको कुलो | | | ४ | ४ | | कुलाको नापीको सिमानाबाट | |

नोट : मेलम्ची हेलम्बु सडक र मेलम्ची भोताग सडकको हकमा बाटोको माथिल्लो साईड तर्फको जग्गाको हकमा सडकको मापदण्ड मात्र लागु हुने छ।
खोलाको मापदण्डको हकमा नापी नक्सा तथा खोलाको सिमाना बाट माथि उल्लेखित set back छाड्नु पर्ने छ।

Scanned by CamScanner

निर्णय नं. ५ :

मेलम्ची नगरपालिका अन्तर्गतका पूर्वाधार तथा योजना निर्माण गर्नको लागि आ.व. २०७४/७५ मा यस नगरपालिकाबाट दररेट निर्धारण भै नसकेको हुँदा आ.व. २०७४/७५ मा गरिने पूर्वाधार तथा योजना निर्माणको लागि सिन्धुपाल्चोक जिल्लाबाट निर्धारण गरिएको जिल्ला दररेटलाई नै आधार मानी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

मेलम्ची नगरपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गाहरूको बढ्दो अतिक्रमण समेतलाई ध्यान दिंदै नगरपालिका अन्तर्गत रहेका सार्वजनिक जग्गाको संरक्षण गर्नको लागि तपशिल बमोजिमको सार्वजनिक जग्गा संरक्षण समिति गठन गर्ने र उक्त समितिले सार्वजनिक जग्गाको पहिचान गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

तपशिल

(१) मे.न.पा. उप-प्रमुख श्री भगवती नेपाल - संयोजक
(२) श्री भक्त बहादुर खड्का (वडा अध्यक्ष, वडा नं. १०) - सदस्य
(३) श्री रूद्र प्रसाद दुलाल (वडा अध्यक्ष, वडा नं. ११) - सदस्य
(४) श्री राम बहादुर लामा (वडा अध्यक्ष, वडा नं. १२) - सदस्य
(५) श्री देबेन्द्र घोरासैनी (वडा अध्यक्ष, वडा नं. १३) - सदस्य

निर्णय नं. ७ :

मेलम्ची नगरपालिका अन्तर्गत विभिन्न क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्थाहरूबाट संचालन गरिने कार्यक्रमहरुलाई व्यवस्थापन गर्ने र सम्वन्धित संस्थाहरूको अभिलेखिकरण गरी काममा प्रभावकारिता ल्याउँनको लागि देहाय बमोजिमका सदस्य रहने गरी NGO Desk स्थापना गर्ने निर्णय गरियो।

तपशिल

(१) सामाजिक विकास समितिका संयोजक - संयोजक
(२) श्री कृष्ण प्रसाद चौलागाई (वडा अध्यक्ष वडा नं. १) - सदस्य
(३) श्री भक्त बहादुर खड्का (वडा अध्यक्ष वडा नं. १०) - सदस्य
(३) श्री पार्वती बि.क. (कार्यपालिका सदस्य ) - सदस्य
(४) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ८ :

स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा नं. ४.५ अनुसार गठन भएका सबै विषयगत समितिहरूको वैठक २०७४ कार्त्तिक मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ९ :

मिति २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट क्षति भएका यस मेलम्ची नगरपालिका अन्तर्गतका भूकम्पपीडितहरूको स्थायी संरचना यथासक्य चाँडो निर्माण गरी पुनर्निर्माण कार्यलाई तिव्रता दिन तथा पुनर्निर्माण कार्यमा भएका समस्या समाधानका लागि तपशिल बमोजिमका सदस्य रहने गरी पुनर्निर्माण उप समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

(१) श्री सुदर्शन लुईटेल (वडा अध्यक्ष, वडा नं. ५) - संयोजक
(३) श्री जितराज थापा (वडा अध्यक्ष, वडा नं. ६) - सदस्य
(३) श्री राम बहादुर लामा (वडा अध्यक्ष, वडा नं. १२ ) - सदस्य

निर्णय नं. १० :

यस मेलम्ची नगरपालिका अन्तर्गतका सबै वडाहरूबाट संचालन हुने काम कारवाहीलाई छिटोछरितो र प्रभावकारी रूपमा संचालन गर्नको लागि नगर सभाबाट स्वीकृत बजेटको अधिनमा रही कार्यालय संचालन खर्च (चियापान, अतिथि सत्कार तथा मसलन्द ) मासिक रू. ५०००।-, आवश्यकता र औचित्यताको आधारमा मासिक रूपमा बढीमा तीन वटा बैठकसम्मको बैठक भत्ता बापत हुन आउँने रकम र दश लि. ईन्धन वा सो बराबरका रकम सम्बन्धित वडाको मागका आधारमा यस कार्यालयबाट पेश्की स्वरूप उपलब्ध गराउँने र नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरूमा फर्निचर खरिद गर्नको लागि विनियोजन गरिएको रू. एक/एक लाख बजेट सम्बन्धित वडा कार्यालयबाट नियमानुसार खरिद गरी भुक्तानीको लागि नगरपालिकामा सिफारिस गर्ने र नगरपालिकाबाट सो बापतको रकम भुक्तानी गर्ने निर्णय गरियो । साथै आयोजनाको सर्वेक्षण तथा अनुगमनको लागि बारम्बार फिल्डमा हिडडुल गर्नुपर्ने भएकोले नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई समेत आवश्यकता अनुसार मासिक रूपमा दश लि. ईन्धन उपलब्ध गराउँने निर्णय गरियो ।

निर्णय नं. ११ :

बहुसांस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ नेपाल) ले आ.व. २०७३/७४ मा प्राथमिक स्वास्थ्य केन्द्र, मेलम्ची र ज्यामिरे स्वास्थ्य चाकीमा मानसिक स्वास्थ्य उपचार तथा निशुल्क औषधि वितरणको कार्य गर्दै आईरहकोमा यस आ.व. २०७४/७५ मा समेत उल्लेखित कार्य गर्न स्वीकृतिको लागि अनुरोध भई आएकोमा नगरपालिकाको समन्वयमा रही कार्य गर्ने गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :

स्वच्छ व्यवसाय समूह नेपालवाट यस मेलम्ची नगरपालिका वडा नं. ५ मा छाला प्रशोधन कार्य गर्नको लागि स्वीकृतिको लागि अनुरोध भई आएकोमा नगरपालिकाको समन्वयमा रही कार्य गर्ने गरी स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. १३ :

मेलम्ची नगरपालिका वडा नं. ५ स्थित श्री सिन्धुपुरानागाँउ उच्च माध्यामिक विद्यालयको च.नं ८८ मिति २०७४।६।२४ को पत्रबाट अस्थायी सिकाई केन्द्र निर्माण गर्न बजेट व्यवस्थाको लागि माग भई आएकोमा विद्यालयको पठन पाठनको अवस्थालाई समेत ध्यान दिंदा उक्त अस्थायी सिकाई केन्द्र निर्माण गर्नको लागि रू. २ लाख उपलब्ध गराउँने निणर्य गरियो ।

निर्णय नं. १४ :

मेलम्ची नगरपालिका वडा नं. ६ स्थित कृषि सेवा केन्द्रको भवन मिति २०७२ वैशाख १२ गतेको विनशकारी भूकम्पबाट पूर्ण रूपमा क्षति भएको र सोही स्थानमा ३ कोठे भवन निर्माण गर्नका लागि जग्गा सम्म्याउँन स्काभेटर व्यवस्थाको लागि बजेट माग भई आएकोमा यस नगरपालिकाबाट प्राविधिक खटाई पुन : नापजाँच गराई कार्य प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

निर्णय नं. १५ :

मेलम्ची नगरपालिका वडा नं. १० स्थित रूम्टी खेत तामाङ टोल बस्ती अविरल वर्षा र पहिरोको कारण जोखिममा परेको हुँदा बस्ती तथा खेतीयोग्य जमिन कटान रोकथाम गर्नको लागि बजेट माग भई आएकोमा उक्त बस्तीको रोकथाम गर्नको लागि रू. एक लाख बजेट उपलब्ध गराउँने निर्णय गरियो ।

निर्णय नं. १६ :

मेलम्ची नगरपालिका अन्तगर्तका बजार क्षेत्रबाट उत्पादन/संकलन भएका फोहरमैला व्यवस्थापन सम्बन्धमा उपर्युक्त जग्गा व्यवस्थापन गर्नको लागि नगर कार्यपालिकाको वैठकबाट फोहोरमैला व्यवस्थापन उप समिति समेत गठन भएको र सो समितिबाट यस मेलम्ची नगरपालिका वडा नं. ७ स्थित टार पाखा सामुदायिक वनको क्षेत्र भित्र पर्ने बाटुले चौर भन्ने स्थान उपयुक्त देखिएकोले सम्बन्धित बन उपभोक्ता समिति र साँधसँधियारसंग समन्वय गरी फोहोरमैला व्यवस्थापनको कार्य शुरू गर्न उपरोक्त बमोजिमको समितिबाट सिफारिश भई आएको हुँदा प्राविधिकबाट लागत अनुमान तयार गरी उक्त स्थानमा फोहोरमैला व्यवस्थापन प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

निर्णय नं. १७ :

मेलम्ची नगरपालिका अन्तर्गतका वडा कार्यालयहरूमा सरसफाई, चिठी पत्र आदान प्रदान, व्यवसाय दर्ता, नवीकरण लगायतका कार्य र कार्यालयको दैनिक काममा सहजीकरण गर्नको लागि सहयोगीस्तरका कर्मचारी अभाव रहेको र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ को दफा ८३ (८) मा समेत उल्लेखित कार्यको लागि करार सेवामा कर्मचारी लिने व्यवस्था भएकोले सोही व्यवस्था बमोजिम माथि उल्लेखित कार्यका लागि सहयोगीस्तरका ३ (तीन) जना कर्मचारी २ (दुई) महिना अवधिको लागि करार सेवामा छनौट प्रक्रिया अगाडि बढाउँने निर्णय गरियो ।

Scanned by CamScanner